# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३१ २०८० पुस ४ बुधबार



## सम्पादकीय

### फलाम खानी सञ्चालन गर्न पहलकदमी बढाऔं

खानी तथा भूगर्भ विभागको टोलीले भूमेको झुम्लाबाङ र आसपासका क्षेत्रमा फलाम खानीको सम्भाव्यताका लागि विस्तृत अध्ययन गरिरहेको छ। कुनै समय तामाखानीका रुपमा चर्चित भूमेका यी गाउँ बस्तीमा फलाम खानीको अध्ययन शुरु भएसँगै स्थानीयबासीमा आशा पलाएको छ। विस्तृत प्रतिवेदन तयार नभए पनि अध्ययन गरिरहेका भूगर्भविद्हरुले यहाँ फलाम खानी सञ्चालन गरे सिंगो देशलाई नै आवश्यक पर्ने फलामको आपूर्ति गर्न सक्षम हुने बताएका छन्।

विगतमा यहाँ तामाखानी रहेको र त्यसबाट लामो समय यहाँका बासिन्दाले तामा उत्खनन् गरी जिविकोपार्जन गरेको धेरैले भुलेका छैनन्। विगत ३५/४० वर्षयता मात्रै यहाँका तामाखानीहरु बन्द भएका थिए। अहिले पनि विभिन्न ठाउँमा तामा र कोइला निकाल्दा बनेका सुरुङ र खाल्डाहरु प्रशस्तै भेटिन्छन्। त्यसैले यहाँको खनिज पदार्थले स्थानीय बासिन्दालाई मात्रै होइन, स्थानीय सरकार र सिंगो देशलाई नै सम्पन्न बनाउन सक्ने ल्याकत राख्ने विशेषज्ञहरुको भनाइ छ। त्यसैले आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि गाउँ ठाउँमै भएका खानीहरुको उत्खनन् गरी उद्योगको रुपमा सञ्चालन गर्न सके देशलाई नै फाइदा हुनेमा दुई मत छैन। अतः स्थानीय सरकारको नेतृत्व र स्थानीयबासीको अपनत्व रहने गरी प्रदेश र संघ सरकारले खानी सञ्चालनका लागि ढिलाइ गर्नुहुँदैन। त्यसमा यहाँका जनप्रतिनिधि, स्थानीय अगुवा सबैको ऐक्यवद्धता हुन जरुरी छ। यसले हाम्रो गाउँ, समाज र सिंगो देशकै मुहार परिवर्तनमा ठूलो भूमिका खेल्नेछ।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# झुम्लाबाङमा फलाम खानी सञ्चालन गर्न पहल गर्ने सांसद पूर्ण घर्तीको प्रतिवद्धता



भूमे गाउँपालिकाको झुम्लाबाङमा फलाम खानी सञ्चालन भएमा जिल्लालाई मात्रै होइन, देशलाई नै धेरै फाइदा हुने सांसद पूर्ण घर्तीले बताउनु भयो।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । प्रतिनिधि सभा सदस्य पूर्णबहादुर घर्तीले झुम्लाबाङको फलाम खानी उत्खनन गरी सञ्चालन गर्न सरकारसँग आवश्यक पहल लिने बताउनु भएको छ। गृह जिल्ला आएको बेला भूमे गाउँपालिका वडा नं. ३ झुम्लाबाङमा स्थानीयबासीसँग भेटघाट गर्दै उहाँले यस्तो बताउनु भएको हो।

रुकुम पूर्वको विकास निर्माण र जनताका माग, गुनासा सुन्न स्थानीयबासीसँग भेटघाट, अन्तरक्रिया गर्दै हिड्नुभएका सांसद घर्तीले शनिबार झुम्लाबाङका समुदायसँग अन्तरक्रिया गर्नुभएको थियो। सो अन्तरक्रियामा झुम्लाबाङमा खानी तथा भूगर्भ विभागले गरिरहेको फलाम खानी उत्खननको विषयमा स्थानीयसँग छलफल भएको थियो।

सो क्रममा सांसद घर्तीले फलाम खानी उत्खननका बारेमा विस्तृत अध्ययन गरिरहेको भूगर्भविद्हरुको टोलीसँग हालसम्मको अवस्था र

प्रगतिबारे जानकारी लिनुभएको थियो। झुम्लाबाङको फलाम खानी उत्खननका लागि भइरहेको कामबारे प्रधानमन्त्री प्रचण्डलाई जानकारी गराउने भन्दै सांसद घर्तीले विस्तृत अध्ययन प्रतिवेदन आइसकेपछि खानी सञ्चालनका लागि पहलकदमी लिने प्रतिबद्धता व्यक्त गर्नुभयो। झुम्लाबाङमा फलाम खानी सञ्चालन भएमा जिल्लालाई मात्रै होइन, देशलाई नै धेरै फाइदा हुने घर्तीले बताउनु भयो।

खानी तथा भूगर्भ विभागको टोली झुम्लाबाङमा र आसपासका गाउँ तथा वडामा फलाम खानीको विस्तृत अध्ययन अनुसन्धान गरिराखेको भूगर्भविद् सौनक भण्डारीले बताउनु भयो। अन्तरक्रियामा सांसद घर्तीका साथै पूर्वमन्त्री कमला रोका, जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति रोल्पाका प्रमुख सीता आचार्य, नेकपा माओवादी केन्द्र रुकुम पूर्वका संयोजक कुमारी बराल, भूमे गाउँपालिका वडा नं. ३ अध्यक्ष परशुराम बुढा, खानी तथा भूगर्भ विभागका भूगर्भविद् सुजन देवकोटा, सौनक भण्डारीलगायत स्थानीयबासीको उपस्थिति रहेको थियो।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानुअघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।





# भूमेका विभिन्न स्थानमा बहुला कुकुरको आतङ्क

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । भूमे गाउँपालिकामा बहुला कुकुरको आतङ्क बढेपछि स्थानीयबासी चिन्तित बनेका छन्। पछिल्लो केही दिनमै ९ जना मानिस र केही पशु चौपायालाई बौलाहा कुकुरले टोकेपछि सबैतिर सन्त्रास बढेको हो।

पालिकाको वडा नं. १ को लुकुम, वडा नं. ५ को डालीबाङ, वडा नं. २ को खाबाङमा एकै दिन ९ जनालाई बौलाहा कुकुरले टोकेको इलाका प्रहरी कार्यालय काँक्रीका प्रहरी नायव निरीक्षक भिम बहादुर खड्काले जानकारी दिनुभयो।

उहाँका अनुसार वडा नं. १ लुकुमको जितकुमारी पुन, नियसन पुन, मन कुमारी कामी, बल बहादुर घर्ती मगर, सरिता विक, कर्म घर्ती बुढा, वडा नं.२ खाबाङको सुशीला पुन, काँक्रीका उजेली माया बुढा, वडा नं. ५ डालिबाङको रामकुमार बुढा मगरलाई बहुला कुकुरले टोकेर घाइते बनाएको हो।

यसैबीच भूमे गाउँपालिकाको विभिन्न ठाउँमा बौलाहा कुकुरको आतङ्क फैलिएपछि छाडा कुकुरलाई खोप लगाउन थालिएको छ। बौलाहा कुकुरको आतंक बढेपछी छाडा कुकुरमा पनि त्यस्तो समस्या आउन सक्ने भन्दै गाउँपालिकामा आजबाट छाडा कुकुरहरुलाई रेबिज विरुद्धको खोप लगाउन सुरु गरिने पशु शाखाका नारायण ओलीले जानकारी दिनुभयो। मान्छे टोकेको बौलाहा कुकुरलाई भने २७ गते नै मारिएको उहाँले बताउनु भयो।

रुकुम पूर्व अस्पतालमामा रेबिज विरुद्धको खोप लगाएपछि घाइते सबैलाई थप उपचारको लागि रुकुम पश्चिम सल्ले अस्पताल पठाइएको छ। रुकुम पूर्व अस्पतालमा रेबिज विरुद्धको खोप मात्र भएको र बौलाहा कुकुरले टोकेकाहरुलाई घाउ भएको कारण थप सुरक्षाको लागि इमिनोग्लोबिन लगाउनु पर्ने हुँदा रुकुम पश्चिम पठाएको रुकुम पूर्व अस्पतालका निमित्त मेसु डा. जितेन्द्रराज कोइरालाले जानकारी दिनुभयो।

पालिकाका विभिन्न ठाउँमा बहुला कुकुरको बिगबिगी बढेपछि भूमे गाउँपालिका पशु सेवा शाखाले बहुलाएका कुकुरको टोकाइबाट बच्न सबैलाई आह्वान गरेको छ। कुकुरलाई बाँधेर राख्न, छाडा कुकुरबाट टाढै रहन र बहुलाएको कुकुर देखेमा नजिकैको प्रहरी चौकीमा खबर गर्न प्रहरीले आग्रह गरेको छ।

# चार गाउँका ३७६ घरमा खानेपानीका धारा




**गोर्खा वेलफेयर ट्रष्ट नेपालले उत्थानशील खानेपानी सरसफाइ तथा विपद् तयारी कार्यक्रमअन्तर्गत भूमे गाउँपालिकाको झुम्लाबाङ, सिमा, खाबाङ र लाबाङमा एक घर, एक धारा निर्माणको काम गरिरहेको छ।**

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । भूमे गाउँपालिकाको झुम्लाबाङ, सिमा, खाबाङ र लाबाङमा एक घर, एक धारा निर्माणको काम भइरहेको छ। पालिकाका ४ वटा गाउँमा गोर्खा वेलफेयर ट्रष्ट नेपालले उत्थानशील खानेपानी सरसफाइ तथा विपद् तयारी कार्यक्रमअन्तर्गत खानेपानी आयोजनाको काम शुरु गरेको हो।

भूमे गाउँपालिका वडा नम्बर ३ को झुम्लाबाङ र सिमा, वडा नं. २ को खाबाङ र वडा नं. ७ को लाबाङ गाउँमा आयोजना निर्माणको काम भइरहेको वेलफेयर ट्रष्ट नेपाल, उत्थानशील खानेपानी सरसफाइ तथा विपद् तयारी कार्यक्रम पश्चिम क्षेत्रीय कार्यालय पोखराका सामाजिक शाखा प्रमुख पिताम्बर थापामगरले जानकारी

दिनुभयो। उहाँका अनुसार झुम्लाबाङमा ६६ वटा, सिमामा १२७, लाबाङ गाउँमा ९६ वटा र खाबाङमा ८७ वटा धारा निर्माण गरिनेछ। एक घर, एक खानेपानीको धारा निर्माण गर्ने कार्यक्रम अनुसार घरधुरी अनुसार धारा निर्माण गरिने ट्रष्टले जनाएको छ। आयोजनाले घर-घरमा खानेपानीको धारा पुगेपछि सबै खुसी भएका छन्।

ट्रष्टमार्फत् निर्माण गरिएको खानेपानी योजनाले भूमेका धेरै मानिसले लाभ लिनेछन्। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले वेलफेयर ट्रष्ट नेपालले गरेको कामको प्रशंसा गर्नुभयो। ट्रष्टले स्थानीय सरकारको सपना पूरा गर्न सघाउ पुग्ने गरी हातेमालो गरेको भन्दै खुसी व्यक्त गर्नुभएको हो।

---

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :- २०८०/८१
च.नं.:- १९४

मिति:- वि.सं.२०८०/०८/२८ गते

विषय:- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
५ नं.-लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), ५ नं.-लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने कार्यक्रमहरुको लागि *प्रथम पटक प्रकाशित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना (१५ दिने)* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडावासी कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।
साथै उक्त *कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना (१५ दिने)* थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

.....................
(देबि लाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री अध्यक्ष ज्यू, भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)- जानकारीको लागि ।
श्री उपाध्यक्ष ज्यू, भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)- जानकारीको लागि ।

# रेडक्रस रुकुम पूर्वको जिल्ला सभा सम्पन्न



❖ **बालाराम शेर्पाली**


रुकुम पूर्व । आजीवन साधारण सदस्यहरुलाई सम्मान गर्दै नेपाल रेडक्रस सोसाइटी रुकुम पूर्व शाखाले दोस्रो जिल्ला सभा सम्पन्न गरेको छ। जिल्लाको सिस्ने गाउँपालिका सभा हलमा गत शुक्रबार जिल्ला सभा सम्पन्न गरिएको हो।

कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य पूर्ण घर्तीले रेडक्रसको काम निकै राम्रो भएको बताउनु भयो। रेडक्रसको कामकाज जिल्लामा हुने बिकास सम्द्ध बनाउन आफ्नो तर्फबाट पहल गर्ने प्रतिबद्धता समेत जनाउनु भयो। अर्को प्रसंगमा प्रतिनिधि सभा सदस्य घर्तीले आफूहरूले देशमा परिवर्तन आउँछ भन्दा बिल्ला हान्ने मान्छेले अहिले संघीयताको बिरुद्ध जाने गरेको आरोप पनि लगाउनु भयो। अब देशलाई कसरी बिकास र समृद्ध बनाउने भन्ने बिषय अहिलेको चासो रहेको बताउनु भयो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले अप्ठ्यारोमा परेका विपन्न समुदायलाई राहत, विपद्का बेला पीडितहरुलाई सहयोग लगायतका काममा रेडक्रसको महत्त्वपूर्ण भूमिका रहेको बताउनु भयो।

साधारण सभामा जिल्लामा रहेका रेडक्रस सोसाइटीसँग सम्बन्धित साधारण सदस्य, आजीवन सदस्यहरूलाई सम्मान गरिएको हो। जिल्लाभित्र रहेका ३ सय ६१ जनालाई सम्मान गरिएको र आजीवन सदस्य लिएको आधारमा सम्मान पत्रले सम्मान गरिएको सभापति दामोदर गौतमले बताउनु भयो।

जिल्ला शाखाका अध्यक्ष दामोदर गौतमको अध्यक्षतामा भएको साधारण सभा उद्घाटन कार्यक्रममा रुकुम पूर्व जिल्लाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य पूर्ण घर्तीको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा पूर्वमन्त्री कमला रोकाको बिशेष उपस्थिति रहेको सो कार्यक्रममा प्रदेश सभा सदस्य सुरुल पुन, दिलकुमारी बुढा, सरिता पुन, जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठ, उपप्रमुख मोहन केसी, सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मी, भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, पुथाउत्तरगंगा गाउँपालिका अध्यक्ष पुनिराज घर्ती, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्मा, भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल विकलगायतको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन सन्तोष ढकालले गर्नुभएको थियो।



भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष:- २०८०/८१
सूचना नं.:-१६

**कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।**
**(प्रथम पटक सूचना प्रकाशित मिति:- वि.सं.२०८०/०८/२८ गते)**


प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), ५ नं.-लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधिमा सञ्चालन हुने *५० प्रतिशत अनुदानमा उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रम, कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रम, तेलहन बाली (बदाम) प्रवर्द्धन कार्यक्रम, फलफूल बगैंचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रम, मसला बाली (अदुवा, हलेदो/बेसार) प्रवर्द्धन कार्यक्रम, मौरी घार वितरण कार्यक्रम* र संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान कार्यक्रमहरुतर्फ *५० प्रतिशत अनुदानमा व्यावसायिक च्याउ खेती तथा च्याउ बीउ वितरण कार्यक्रम, हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) बिरुवा वितरण कार्यक्रम*मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*ले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले १५ दिन (वि.सं. २०८०/०९/१२ गते)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल:
कार्यक्रम माग गर्दा पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
- कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०७९/८०को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- समूह/संस्थाको हकमा कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

(मोहन कुमार डाँगी)
प्राविधिक सहायक

(देबि लाल बि.क.)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागि:
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२९
३. ना.प्रा.स.- बिशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
४. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४



भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

नोट/पुनश्च:
- *व्यक्तिगत कृषकको हकमा:*
- *उन्नत आलु बीउ वितरण कार्यक्रमतर्फ:-* आलुको उन्नत बीउ ३०-५० के.जी.,
- *जैविक विषादी वितरण कार्यक्रमतर्फ:-* कीटनाशक तथा रोगनाशक जैविक विषादी २-४ डिब्बा, मिश्रित सुक्ष्म खाद्यतत्व २-४ डिब्बा, जैविक मल २-४ डिब्बा
- *औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रमतर्फ:-* उखुको वानस्पतिक बिरुवा १५-३० वटा
- *कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रमतर्फ:-* सखरखण्डको उन्नत बीउ ३०-५० के.जी.,
- *तेलहन बाली (बदाम) बीउ प्रवर्द्धन कार्यक्रमतर्फ:-* बदामको उन्नत बीउ ५-१० के.जी.,
- *फलफूल बगैंचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रमतर्फ:-* निलोतुथो २-४ के.जी., कृषि चुन ४-८ के.जी., आलसको तेल १-२ लि. ब्रस १-२ वटा
- *मसला बाली (अदुवा, हलेदो/बेसार) प्रवर्द्धन कार्यक्रमतर्फ:-* अदुवाको उन्नत बीउ ३०-५० के.जी., हलेदो/बेसारको उन्नत बीउ ३०-५० के.जी.
- *मौरी घार वितरण कार्यक्रमतर्फ:-* आधुनिक खाली मौरी घार ३-६ वटा
- *व्यावसायिक च्याउ खेती तथा च्याउ बीउ वितरण कार्यक्रमतर्फ:-* कन्ये च्याउको बीउ ३-६ प्याकेट, सेतो प्लाष्टिक थैला/झोला आवश्यकता अनुसार, कालो प्लाष्टिक १-२ रोल
- *हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) बिरुवा वितरण कार्यक्रमतर्फ:-* उल्लेखित प्रत्येक बालीको बिरुवा १०-३० वटा,
- *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा:* व्यक्तिगत कृषकको हकमा उल्लेखित सामग्रीहरुको अधिकतम् के.जी., डिब्बा, वटा, लिटर, प्याकेट, रोल भन्दा बढी माग गर्नुपर्नेछ ।
- ५० प्रतिशत अनुदानमा उन्नत आलु बीउ वितरण कार्यक्रम, जैविक विषादी वितरण कार्यक्रम, औद्योगिक बाली (उखु) प्रवर्द्धन कार्यक्रम, कन्दमुल बाली (सखरखण्ड) प्रवर्द्धन कार्यक्रम, तेलहन बाली (बदाम) प्रवर्द्धन कार्यक्रम, फलफूल बगैंचा सुधार/उपचार सामग्री (निलोतुथो, कृषि चुन, आलसको तेल, ब्रस) वितरण कार्यक्रम, मसला बाली (अदुवा, हलेदो/बेसार) प्रवर्द्धन कार्यक्रम, मौरी घार वितरण कार्यक्रम, व्यावसायिक च्याउ खेती तथा च्याउ बीउ वितरण कार्यक्रम र हिउँदे फलफूल (स्याउ, ओखर, किवी, नास्पाती, चेरी) बिरुवा वितरण कार्यक्रम माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्नुपर्नेछ ।
- उल्लेखित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदनको फारम/ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाईट www.bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

# पर्यटक पर्खिरहेको चौंरी लेक



**हिउँद याममा हिउँले छोपिने चौंरी लेकमा वर्षायाममा रंगीविरंगी फूलहरू फुल्ने गर्दछन्। बुकी चरनको लागि पनि उपयुक्त ठाउँ चौंरी लेक हो। असारको पहिलो हप्तादेखि भदौ अन्तिम सातासम्म यो लेकमा भेडी गोठ बस्छन्।**

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । कुनै बेला चर्चामै नरहेको चौंरी लेकमा आजभोलि आन्तरिक तथा बाह्य पर्यटकले भरिन थालेको छ। समुन्द्री सतहबाट चार हजार उचाइमा रहेको चौंरी लेक रुकुम पूर्व जिल्लाको भूमे गाउँपालिका वडा नं. १ मा पर्दछ।

रुकुम पूर्व र बाग्लुङको सिमाना पातिहाल्नेबाट बिहानै चौंरी लेक जाने, मज्जाले घुमघाम गरी बेलुकी पातिहाल्नेमै फर्किन सकिन्छ। ढोरपाटन शिकार आरक्षको पश्चिम क्षेत्रतिर पर्ने चौंरी लेकबाट सिस्ने, पुथा, धौलागिरि र अन्नपूर्ण हिमश्रृंखलाका साथै माछापुच्छ्रे हिमाल पनि देख्न सकिन्छ। त्यस्तै, लेकबाट ढोरपाटन शिकार आरक्षको पश्चिम क्षेत्रतिर पुथा उत्तरगंगाका विभिन्न गाउँहरू, दक्षिणमा रोल्पाको जलजला,



जन्तरे, कोठी भिरलगायत प्यूठानका विभिन्न ठाउँहरूको पनि अवलोकन गर्न सकिन्छ।

हिउँद याममा हिउँले छोपिने चौंरी लेकमा वर्षायाममा रंगीविरंगी फूलहरू फुल्ने गर्दछन्। बुकी चरनको लागि पनि उपयुक्त ठाउँ चौंरी लेक हो। असारको पहिलो हप्तादेखि भदौ अन्तिम सातासम्म यो लेकमा भेडी गोठ बस्छन्। त्यो बेला यहाँ भेडा, बाख्रा, भैंसी, गाई अनि घोडाहरू पनि हुन्छन्। भेडाका बगाल अनि गोठले यहाँको सुन्दरतालाई झन मनमोहक बनाउने गर्छ।

चौंरी लेकको लेकाली भाग अत्यन्तै रमणीय रहेकाले पर्यटकहरूको आकर्षक थलो हुने देखिन्छ। यहाँबाट हिमालको रमणीय दृश्य हेरेर आनन्द लिन सकिन्छ। यहाँ खासगरी वर्षायाममा पशु चराउन बुकी पाटन भएको र यस स्थानमा बुकी लगायतका विभिन्न जातका फलफूल फूल्ने भएकाले अति रमणीय हुनुका साथै यो भूभाग अग्लो स्थानमा रहेकाले चारैतिर देख्न सकिन्छ। प्राकृतिक तथा भौगोलिक सुन्दरताले भरिपूर्ण यो ठाउँमा पर्या पर्यटनको राम्रो सम्भावना रहेको छ। अहिले यहाँको पर्यटन प्रवर्द्धन गर्न र चौंरी लेक भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकको सहजताका लागि भूमे गाउँपालिकाले कोइपासम्म मोटर बाटो निर्माण गरेको छ।

कोइपाबाट चौंरी लेक पुग्न करिब २ घण्टा मात्रै लाग्छ। चौंरी लेक जाने पर्यटकहरु अघिल्लो दिन रुकुम पूर्व र बाग्लुङको सिमाना पातिहाल्नेमा बास बस्न सक्छन्। करिब ३१ सय मिटर उचाइमा अवस्थित पातिहाल्ने भञ्ज्याङमा खान र बस्नका लागि होटेलको व्यवस्था छ। यहाँबाट तिलाचन, कोठीभिर, जन्तरे सजिलै पुग्न सकिन्छ भने मोटरबाटो पछ्याएर बुर्तिबाङ हुँदै ढोरपाटन पनि सजिलै पुग्न सकिन्छ।

समथर भू-भागदेखि उच्च पहाडसम्म फैलिएको रुकुम जिल्लामा अनगिन्ती धार्मिक तथा पर्यटकीय गन्तव्य छन्। तर, प्रचार प्रसारको अभाव र पूर्वाधार निर्माण नहुँदा धेरै सम्भावना बोकेका ती गन्तव्य ओझेलमा परेका छन्। यसरी ओझेलमा परेका पर्यटकीय स्थलहरुमा स्थानीय सरकार आएपछि भने केही परिवर्तन हुन थालेको छ। स्थानीय सरकारले आफ्नो पालिकाभित्र पर्यटकीय सम्भावना भएका क्षेत्रहरुको खोजी गर्दै तिनको संरक्षण, प्रवर्द्धन र पूर्वाधार निर्माणमा चासो देखाउँदा थोरै भए पनि पर्यटकीय क्षेत्रका रुपमा विकास हुन थालेका छन्।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. विश्वमा सबैभन्दा बढी जनसंख्या भएको राष्ट्र कुन हो?

✍ भारत (१४२८.६ मिलियन रहेको जनसंख्या छ।)

२. विश्व खाद्य दिवस कहिले मनाइन्छ?

✍ अक्टोबर १६

३. हाल नेपालमा बेरोजगारी दर कति रहेको छ?

✍ ११.४ प्रतिशत

४. विश्व आर्थिक स्वतन्त्रता सूचकांक २०२३ मा नेपाल कति औं स्थानमा रहेको छ?

✍ १४२ औं

५. नेपालको संविधान २०७२ मा कति वटा अनुसूचीहरु रहेका छन्?

✍ ९ वटा

६. नेपालमा सर्वप्रथम जनगणनाको सुरुवात कहिलेबाट सुरु भएको थियो?

✍ वि.सं. १९६८ (सुरुमा जनगणना कार्य सेन्सर गोश्वाराले गर्दै आइरहेको जनगणना २०१८ केन्द्रीय तथ्याङ्क विभागले गर्दै आइरहेको छ।)

७. पनौती जलविद्युत आयोजना कुन देशको सहयोगमा निर्माण भएको हो?

✍ रुस (सन् १९६५ मा निर्माण भएको यस जलविद्युत आयोजनाको क्षमता २.४ मेगावाट रहेको छ।)

८. घोडाघोडी ताल कहाँ पर्दछ?

✍ कैलाली

९. राप्ती नदीको पौराणिक नाम के हो?

✍ अचिरावति

१०. लुम्बिनी प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) दाङ राख्ने निर्णय कहिले भएको थियो?

✍ वि.सं. २०७७ असोज २० गते।

*संकलन : चेतन बुढा मगर, भूमे–६, रुकुम (पूर्व)*

# भूमेमा परम्परागत कृषि



नारायण ओली

नेपाल साना तथा सीमान्त कृषकहरुको बाहुल्य भएको मुलुक हो। नेपालको अधिकांश भूभाग पर्वतीय भिरालो क्षेत्रमा रहेकाले कूल क्षेत्रफलको करिब एक चौथाई भूखण्ड मात्र खेतीयोग्य रहेको छ। त्यसमाथि खेतीयोग्य जमिनको स्वामित्वमा इतिहासदेखि नै समाजका सीमित प्रभावशाली परिवार र समुदायको पकड रहेकाले यसको वितरण असमान रही आएको छ। फलस्वरुप मुलुकका पाँच प्रतिशतभन्दा बढी कृषक परिवार भूमिहीन छन् भने झण्डै पचास प्रतिशत घरपरिवारले १० रोपनीभन्दा कम जमिनमा खेती गरेर जीविका चलाउदै आएका छन्। त्यसो त समग्र मुलुकको औसत हेर्दा प्रति कृषक परिवार १४ रोपनी मात्र खेतीयोग्य जमिन रहेको छ र देशका ६० प्रतिशतभन्दा बढी कृषक परिवार १४ रोपनी मात्र खेतीयोग्य जमिन रहेको छ र देशका ६० प्रतिशतभन्दा बढी कृषक परिवार साना र सीमान्त कृषकको श्रेणीमा पर्दछन्।

एक अध्ययन अनुसार नेपालका ७८ प्रतिशत कृषक परिवारले केवल घरायसी प्रयोजनका लागि मात्र खेती गर्दछन् भने २१ प्रतिशत कृषकले तिनले उब्जाएका कृषि उपजको आधा हिस्सा घरायसी प्रयोजनमा उपयोग गर्दछन् र आधाभन्दा कम उपज बिक्रीका लागि बजार पठाउँछन्। केवल एक प्रतिशत कृषकले मात्र बजारमा बेच्ने प्रयोजनले व्यावसायिक खेती गरिरहेको देखिन्छ।

यसरी समग्रमा नेपालको कृषि प्रणाली नियाल्ने हो भने सामान्यतया हरेक कृषक परिवारले ज्यादै नै थोरै जमिनमा, सीमित सुविधा र अत्यन्त विषम परिस्थितिका बीच आफ्नो खाद्य आवश्यकता पूरा गर्ने मूल उद्देश्यका साथ कृषि व्यवसाय सञ्चालन गरिरहेका छन्। आम रुपमा परम्परागत मानिने यस्तो कृषि प्रणालीमा खेतीवाली, पशुपालन र बनजन्य स्रोतहरु अन्योन्याश्रित रुपमा जोडिएका हुन्छन् र कृषक परिवारले तिनलाई एकीकृत रुपमा परिचालन गरी आफ्ना आवश्यकता पूरा गर्ने गरेका छन्। करिब ७० प्रतिशत नेपाली कृषक परिवार तिनको दैनिक जीवनका कुनै न कुनै आवश्यकता पूर्ति गर्न वन स्रोतमा आश्रित रहेका छन्। परम्परागत हिसाबले गरिएका खेतीवालीमा प्रशस्त विविधता छ। पशु वस्तुहरुले खेतीका लागि आवश्यक मलखादको आपूर्ति गर्दछन्। देशका झण्डै ८० प्रतिशत कृषक परम्परागत कृषि प्रणालीमा नै आधारित रहेका छन्।

परम्परागत कृषि प्रणाली मूलतः स्थानीय वस्तुस्थिति अनुकूल, कृषकहरुको लामो अनुभवबाट विकास भएका रैथाने प्रविधिहरुमा आधारित रहेको छ र ती कम खर्चिला, दिगो र पर्यावरणमैत्री समेत छन्। उदाहरणका लागि पहाडी भिराला जमिनमा कान्ला बनाई स–साना गह्रा निकालेर खेती गर्ने जुन प्रणाली छ, त्यो हाम्रो भूगोलको वास्तविकता अनुरुप कृषकहरुले पुस्तौं पुस्तादेखिका अनुभवको आधारमा विकास गरेको मौलिक प्रणाली हो। यसबाट भिराला जमिनमा हुने भू-क्षयको रोकथामका साथै माटोको उर्वरशक्ति र चिस्यान व्यवस्थापन प्रभावकारी रुपमा हुँदै आएको छ। वास्तवमा हाम्रो परम्परागत कृषि प्रणालीमा, कृषिविकास सम्बन्धी यस्ता थुप्रै रैथाने ज्ञानका अतिरिक्त मौलिक संस्कृतिको भण्डार नै रहेको छ।

तर विडम्बना, आधुनिकता र विकासको बारेको शिक्षा र प्रविधिबाट प्रभावित मूलधारका कृषि विज्ञ र नीति निर्माताहरुको ठूलो तप्काले हजारौं बर्षदेखिका अनुभवमा आधारित यस्ता रैथाने ज्ञान र कृषि संस्कृतिलाई उचित मान्यता दिन नसक्दा यो प्रणाली उन्नत हुने अवसर पाएको छैन। हाम्रा नीति दस्तावेज र विकास कार्यक्रमहरुमा दशकौंदेखि परम्परागत कृषि प्रणालीलाई हचुवाको भरमा 'निर्वाहमुखी' भन्दै यसका सबल पक्षहरुलाई पूरै नजरअन्दाज गर्ने र समग्रमा यो प्रणालीलाई फेरेर जतिसक्दो छिटो बाह्य स्रोत र प्रविधिमा आधारित 'व्यावसायिक' र आधुनिक बनाउनु पर्ने कुरामा जोड दिँदै आएको छ। यसले गर्दा हाम्रो मौलिक विशेषता अनुसारको कृषि विकासको ढाँचा निर्माण गरी कृषि क्षेत्र उन्नत बनाउने अवसर हामीले गुमाइरहेको अवस्था छ।

यसले एकातिर हाम्रो मौलिक खाद्य र कृषि संस्कृति तथा स्थान विशेषका अनुभवमा आधारित खेतिपातीसम्बन्धी बहुमूल्य ज्ञान र सीप लोप हुने स्थिति छ भने अर्कोतर्फ, बाह्य खनिज स्रोत, ज्ञान, सीप र प्रविधिमा आधारित खेती प्रणालीको प्रवर्द्धनमा जोड दिइएकाले पर्यावरणीय विनास र परनिर्भरताको चुनौती थपिएको छ।

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपा

प.सं. (शिक्षा) ८०/०८१
सू.नं.: १८

मितिः २०८०/०९/०३

**विषयः विद्यालय लेखा परीक्षक नियुक्ति तथा विद्यालय बाँडफाँड सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा आ.व. २०७९/०८० को भूमे गाउँपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयहरु तथा सामुदायिक सिकाइ केन्द्रहरुको लेखा परीक्षण कार्यका लागि गाउँ कार्यपालिकाको मिति २०८०/०८/३० को निर्णयानुसार तपसिल बमोजिमका रजिष्टर्ड लेखा परिक्षकहरुलाई लेखा परिक्षण कार्य लागि देहाय बमोजिम विद्यालय बाँडफाँड गरिएको बेहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै छनौट भएका रजिष्टर्ड लेखापरीक्षकहरुकले नियुक्तिका लागि सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र सम्पर्क राखि विद्यालयको लेखापरीक्षण कार्य पौष महिनाको मसान्त भित्र सम्पन्न गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र यस कार्यलयमा पेश गर्न/गराउनु हुन जानकारी गरिन्छ ।

तपसिलः-

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | सञ्चालित कक्षा | लेखापरीक्षण गर्ने नाम र ठेगाना |
|---|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय माद्यामिक विद्यालय भूमे-९,चुनवाङ | १-१२ | जागेश्वर प्रसाद उप्रेदी एण्ड एसोसिएट्स,घोराही दाङ |
| २ | श्री आधारभूत विद्यालय भूमे-९,सिमचौर | १-८ | |
| ३ | श्री आधारभूत विद्यालय भूमे-९, दूवाचौर | १-५ | |
| ४ | श्री सरस्वती माद्यामिक भूमे -८,सिमखोला | १-१० | |
| ५ | श्री चैतीछहरा सामुदायिक सिकाइ केन्द्र,भूमे-९चुन्वाङ | | |
| ६ | श्री माद्यामिक विद्यालय भूमे ८,कुचिवाङ, | १-१० | ढुंगाना एण्ड कम्पनी, वडा नं.२६,लेखनाथ, |
| ७ | श्री नेपाल राष्ट्रिय माद्यामिक विद्यालय, भूमे ८, कोर्जा | १-८ | |
| ८ | श्री चैतेछहरा आधारभूत विद्यालय भूमे ९, पेदीधर्मशाल | १-५ | |
| ९ | श्री सन्नी आधारभूत विद्यालय भूमे ९, गलमछित्रे | १-५ | |
| १० | श्री शहिद शुक्र सामुदायिक सिकाइ केन्द्र,भूमे-३,सिमा | | |
| ११ | श्री सिद्धचौर माद्यामिक विद्यालय भूमे १, लुकुम | १-१२ | आ.सि.ए एण्ड एसोसिएट्स,वार्ड नं.३,साउ टोल लप्सीबोट, गापा अजिरकोट,गोरखा |
| १२ | श्री बरहा आधारभूत विद्यालय भूमे १, स्याला | १-८ | |
| १३ | श्री सामुदायिक सिकाइ केन्द्र,भूमे-१, लुकुम | | |
| १४ | श्री भूमी आधारभूत विद्यालय,भूमे-१, रुजिखोला | १-५ | |
| १५ | श्री सामुदायिक सिकाइ केन्द्र, भूमे-६,महत | | |
| १६ | श्री त्रिवेणी माद्यामिक विद्यालय भूमे २,काँक्री | १-१० | के.गिरी एसोसिएट्स,काठमाडौ |
| १७ | श्री त्रिभुवन आधारभूत विद्यालय भूमे-२, खाबाङ | १-८ | |

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपा

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| १८ | श्री हिमालय आधारभूत विद्यालय भूमे-२, गाबाङ | १-५ | |
| १९ | श्री बालज्योती आधारभूत विद्यालय भूमे २, दहबाङ | १-५ | |
| २० | श्री बालविकास आधारभूत विद्यालय भूमे -६, नाखे | ०-१ | |
| २१ | श्री जनजागृती आधारभूत विद्यालय भूमे-६,महत | १-१२ | एन.पि एण्ड एसोसिएटस,घोरही,दाङ |
| २२ | श्री शहिद बासु स्मृति आ.वि भूमे-३, क्याङसी | १-८ | |
| २३ | श्री बालविकास आधारभूत विद्यालय भूमे ९ गोठीबाङ | १-३ | |
| २४ | श्री मदन स्मृति आधारभूत विद्यालय भूमे ९, डाँडागाउँ | १-५ | |
| २५ | श्री जनचेतना आधारभूत विद्यालय भूमे -६, खाम्दै | १-५ | |
| २६ | श्री जनशक्ति माध्यमिक विद्यालय भूमे-४, काँडा | १-१० | एल.बि.थापा एण्ड एसोसिएटस,बुद्धनगर-१०,पोखरा |
| २७ | श्री टकसार आधारभूत विद्यालय भूमे ३, झुम्लाबाङ | १-८ | |
| २८ | श्री जनविकास आ.वि भूमे ४, तल्लोसाकिम | १-५ | |
| २९ | श्री जनता आधारभूत विद्यालय भूमे ५,सेरावाङ | १-५ | |
| ३० | श्री जनशक्ति आधारभूत विद्यालय भूमे ८,झिम्का | १-३ | |
| ३१ | श्री नमूना आधारभूत विद्यालय भूमे ३,मोरावाङ | १-८ | |
| ३२ | श्री बालजनजागरण आ.वि. भूमे ६, रिसालचौर | १-८ | |
| ३३ | श्री आधारभूत विद्यालय भूमे ७, लावाङ | १-५ | केशव कुमार शर्मा एण्ड एसोसिएटस, काठमाडौ |
| ३४ | श्री छेलोफल्ने आधारभूत विद्यालय भूमे ७,गुनाम | १-५ | |
| ३५ | श्री बालविकास आधारभूत विद्यालय,भूमे २,जङडाँडा | १-५ | |
| ३६ | श्री जनज्योती आधारभूत विद्यालय,भूमे ७,धर्मशाला | १-८ | |
| ३७ | श्री आधारभूत विद्यालय भूमे ५,डालिबाङ | १-५ | |
| ३८ | श्री शहिद शुक्र माध्यमिक विद्यालय भूमे ३, सिमा | १-१२ | |

(देविलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
श्री सूचना अभिलेख केन्द्र **web site** मा अपलोड गरिदिनु हुन ।



# ज्यानमारा रोग रेविजबाट

## आफू कसरी बच्ने र अरुलाई बचाउने ?





बौलाहा कुकुर,विरालो,स्याल,न्याउरी मुसा वा अन्य मांसहारी जनावरको टोकाईबाट रेविज रोग सर्दछ ।



बौलाहा वा शङ्कास्पद कुकुर र जंगली जनावरले टोकेमा तुरुन्तै साबुन पानी वा सफा पानीले ५ मिनेटसम्म राम्रोसँग घाउ पखालौ र औषधी लगाऔ ।



टोक्ने कुकुर १० दिनभित्र मऱ्यो,मारियो,बेपत्ता भयो वा चिन्न सकिएन भने डाक्टरको सल्लाह बमोजिम रेबिज रोग विरुद्धको खोप लगाउने । **सावधान !** बौलाहा कुकुरले टाउको वा आसपासका धेरै ठाउँमा नराम्रो गरि टोकेको अवस्थामा तुरुन्तै रेबिज विरुद्धको खोप लगाउनुपर्छ । किनकी रोग लाग्ने सम्भावना धेरै हुन्छ ।



पाल्तु कुकुर वा विरालोलाई नियमित रुपमा रेविज रोग विरुद्धको खोप लगाउनुपर्छ । पहिलो पटक ३ महिनाको उमेरमा दोस्रो पटक ९ महिनाको उमेरमा त्यसपश्चात प्रत्यक वर्ष रेबिज विरुद्धको खोप लगाउनु पर्छ ।

**कहिलै बिर्सिनु भएन,रेविज रोग लागेपछि कुनै उपचार हुदैन तर बेलैमा सावधानी पुग्यो भने सजिलै बाँच्न सकिन्छ।**

अनि यता पनि हेरौ त ।



- बौलाएको कुकुरले टोकेमा नियमित रेबिज रोग विरुद्धको खोप लगाउनुपर्छ।
- आजसम्म एउटा मात्र खोप लगाएर पुग्ने रेबिज खोप पत्ता लागेको छैन ।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल